# स्थानीय सरकारका पाँच वर्ष: विकासमा सहभागितामूलक प्रक्रियाको अभ्यास, प्रभावकारिता र सिकाइ



लालबहादुर ओली

करिब दुई दशक पश्चात नेपालमा वि.सं. २०७४ मा पहिलो पटक स्थानीय सरकारको निर्वाचनमा जनताले सहभागी हुने अवसर प्राप्त गरे । यो निर्वाचन विकास समितिको निर्वाचन थिएन । नेपालको संविधान २०७२ ले निक्षेपण गरेको अधिकारसम्पन्न गणतन्त्रको स्थापनापश्चात भएको स्थानीय तहको सरकारको निर्वाचन थियो । संविधानले प्रत्याभूत गरेका तीन तहका सरकार (संघ, प्रदेश र स्थानीय) मध्ये जनताको दैनिक सेवा-सुविधासँग प्रत्यक्ष जोडिएका जनप्रतिनिधिबाट स्थानीय शासन सञ्चालनको अभ्यास गर्न पाउने पहिलो सरकार थियो । जनताले आफ्ना हरेक स-साना समस्या र सवाल समेत आफ्ना निर्वाचित प्रतिनिधिसँग राख्न पाउने र समाधानका उपाय प्राप्त गर्ने प्रमुख अपेक्षा थियो । आवधिक विकास योजना, सुशासन, न्याय, सामाजिक समानता, निष्पक्षता तथा अवसरमा योग्यताको कदर मतदाताका आशा थिए । जनजीविकाका सवालको सम्बोधन, युवा रोजगारी, स्थानीय जनप्रतिनिधि मार्फत शासन सञ्चालनमा सिमान्तीकृत समुदायको सहभागिताको अनभूति समेत गर्न सकिन्छ भन्ने आधारमा जनताले उत्साहजनक रूपमा स्थानीय तहका सदस्यहरूको निर्वाचनमा सहभागिता जनाएका थिए ।

> 'हुम्लाको नाम्खा गाउँपालिकाले "होम्ले भाषा"को संरक्षणका लागि व्याकरणको किताब नै प्रकाशन गऱ्यो ।'

पहिलो पटक स्थानीय शासकीय अधिकार समेत प्राप्त गरी गठन भएका यी सरकारका अगाडि जनताका अपेक्षा मात्र होइन, शासकीय स्वरूप निर्धारण गरी अघि बढ्ने मार्ग तयार गर्ने स्थानीय ऐन-कानुन र नीति-नियम तयार गरेर जनताका अन्तरकुन्तरका भावना सम्बोधन गर्नु पक्कै पनि चुनौतीका क्षेत्रहरू थिए । नेपाली जनताको चाँडै प्राप्तिको आशा र सरकारसँग भएको साधन-स्रोत एवम् व्यवस्थापकीय क्षमताको अभावका साथै नेपालको कर्मचारीतन्त्रको परम्परागत आलस्यपनाका बीच तालमेल मिलाएर काम गर्नु पनि जननिर्वाचित स्थानीय सरकारका लागि अवसर र चुनौती दुवै थिए ।

गणतन्त्रले संघमा मात्र नभई अन्य तहमा समेत व्यवस्थापिका र कार्यपालिकाको अधिकार र स्रोतको बाँडफाँट सहितको शासन व्यवस्थाको परिकल्पना गर्दछ । पछिल्लो समयमा गणतन्त्रात्मक व्यवस्था विश्वव्यापी रूपमा लोकप्रिय भएर आएको छ । संयुक्त

राष्ट्रसंघका १९२ देशमध्ये करिब २८ देशमा गणतन्त्रात्मक शासन व्यवस्था छ। यो आफूमाथि आफैँले शासन गर्ने प्रणाली हो । नेपाल एक बहुभाषिक, बहुजातीय, विविध सांस्कृतिक मान्यताको समाजले बनेको देश हो। नेपाललाई गणतन्त्रात्मक व्यवस्थामा पुनर्संरचित गर्दा राजनीतिक दल, विभिन्न जातिगत समूह, भौगोलिक समुदायहरूले आ-आफ्नै हित केन्द्रित संरचना अगाडि सारेर बृहत्तर छलफल गरेका थिए। भौगोलिक एवम् प्रशासनिक पुनर्संरचनाको क्रममा विभिन्न किसिमको रुचि राख्ने समुदायका बीच गतिलो अन्तरक्रिया भएर जिल्ला-जिल्लाबाट राज्य पुनर्संरचना आयोगमा सुझाव पेश भएका थिए। गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना र राज्यको पुनर्संरचनामा जनताको प्रत्यक्ष सहभागिता रहेको थियो। यसप्रकारबाट भएको राज्यको पुनर्संरचनाले नेपालमा स्थानीय तहको संख्या ७५३ (महानगरपालिका ६, उप-महानगरपालिका ११, नगारपालिका २७६, गाउँपालिका ४६०, वडा ६७४३ र जिल्ला समन्वय समिति ७७ कायम गरेको छ।

> 'ज्वालामुखी गाउँपालिकाले जनताप्रतिको जवाफदेहिता, सुशासन र विकास प्रक्रियालाई व्यवस्थित बनाउन शुरुवातमै पालिकाको आवधिक योजना तयार गर्ने प्रक्रियाको थालनी गऱ्यो ।'

## स्थानीय सरकार- कति सफल, कति असफल ?

भौतिक विकासतिरको लगानी र यसमा भएको उपलब्धि विश्लेषण गर्दा लगभग सबै सरकारहरूको कार्यसम्पादन प्रभावकारी भएको पाइन्छ। कतिपय सरकारले स्थानीय संस्कृति र भाषा संरक्षणमा पनि उल्लेख्य काम गरेका छन् । यसको एउटा उदाहरण हो - हुम्लाको नाम्खा गाउँपालिकाले 'होम्ले भाषा'को संरक्षणका लागि व्याकरणको किताब नै प्रकाशन गऱ्यो। कसैले एभोकाडो, कसैले एक गाउँ एक उद्यम, कसैले कृषि, पशुपालन आदि क्षेत्रमा उल्लेख गर्न लायक कामको थालनी गरेका छन् । बाजुराको गौमुल गाउँपालिकाले मदिरा व्यवस्थापन र नियन्त्रणका लागि अपनाएको मदिरा पिउनेका लागि पालिकाबाट इजाजत-पत्र लिनुपर्ने प्रावधान मदिरा बन्द गर्ने पालिकाको तुलनामा बढी प्रभावकारी बन्यो। पाँच वर्षे अवधिको स्थानीय सरकारले गरेका कामप्रति जनताको सन्तुष्टि समष्टिमा सकारात्मक भएको पाइन्छ।

स्थानीय तहले प्राप्त गरेको उप-प्रमुखको संयोजकत्वमा गठन भएको स्थानीय न्यायिक समितिको कार्यक्षेत्र पनि गौरव गर्ने खालको थियो र छ। सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकाले महिलाहरूको निजामती सेवामा प्रवेश बढाउन र प्राविधिक शिक्षामा महिलाको पहुँच वृद्धि गर्न 'महिला लोकसेवा तयारी कक्षा तथा आधारभूत कम्प्यूटर तालिम' लगायत विभिन्न स्थानीय तहहरूले व्यावसायिक सीप विकासका क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरू सकारात्मक छन् । ललितपुरको महालक्ष्मी नगरपालिकाले करका दरहरूलाई व्यवसायको प्रकृति र पुँजीका आधारमा व्यवस्थित गर्नुका साथै लक्षित वर्गका लागि कर छुटको व्यवस्था समेत गरेको छ। धादिङको ज्वालामुखी गाउँपालिकाले जनताप्रतिको जवाफदेहिता, सुशासन र विकास प्रक्रियालाई व्यवस्थित बनाउन शुरुवातमै पालिकाको आवधिक योजना तयार गर्ने प्रक्रियाको थालनी गऱ्यो । भक्तपुरको चाँगुनारायण नगारपालिकाले नगरपालिकाको दुई वर्षे क्षमता विकास योजना (आ.व. २०७८/७९-२०८०/८१) तयार गरी कार्यान्वयनको थालनी गऱ्यो। यस्ता अनगिन्ती उदाहरणको शुरुवात भएको छ।

नेपालको संविधान, वि.सं. २०७२ कार्यान्वयनका लागि २०७४ सालको स्थानीय तहको निर्वाचनबाट निर्वाचित सरकार पहिलो अनुभव हो। स्थानीय सरकार सञ्चालन निर्देशिकाअनुसार स्थानीय तहको योजना तर्जुमा प्रक्रियाका सातवटा चरणहरू निर्धारण गरिएको छ । समुदायको सहभागिता पहिलै चरणमा सुनिश्चित गरिएको छ । तुलसीपुर नगरपालिकाले स्थानीय समुदायको सहभागितामा कत्ति पनि कञ्जुस्याइँ गरेन। मेरो पाँच वर्षको कार्यकालको अनुभवमा महिला, दलित, अपाङ्गता भएका समुदाय, जनजाति, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायका सवाल नजिकबाट सुनियो र योजनाको प्राथमिकतामा राखियो । प्रदेश र संघका योजनामा समुदायको सहभागिता हुने ठाउँ छैन ।

उप-प्रमुखको संयोजकत्वमा गठन गरिएको अनुगमन समितिको स्थानमा स्वतन्त्र नागरिक एवम् विज्ञको संलग्नतामा अनुगमन संयन्त्र बनाउन सकेमा अनुगमन प्रभावकारी हुनेछ। उप-प्रमुखको कार्यजिम्मेवारी हेर्दा निकै बोझिलो पनि भएको छ ।

**-घनश्याम पाण्डे, निवर्तमान प्रमुख, तुलसीपुर नगरपालिका, दाङ**

नेपालका लागि गणतन्त्रको अभ्यास नयाँ भए पनि लोकतन्त्रको अभ्यास विभिन्न समयमा अनुभव गरिँदै आएको छ । संसारको विकास द्रुत गतिमा छ । प्रविधिको पहुँचले मान्छे नवप्रवर्तनको स्वाद शीघ्र चाहन्छ । मानवका आवश्यकताअनुसार विकास पनि गतिशील बनिरहेको छ । यस अवस्थालाई केन्द्रबिन्दुमा राख्ने हो भने नेपालका स्थानीय तहले तत्काल गर्नुपर्ने कामलाई प्राथमिकीकरण गर्न नसकेको हो कि ? भन्ने चाहिँ देखिएकै छ ।

> स्थानीय तहका लागि विगत पाँच वर्ष नयाँ अभ्यास र अनुभवको समय रह्यो । कानुन र नियम बनाउन समय लाग्यो । कतिपय ऐन, कानुन बनाउन बाँकी छन् । चुनौतीका बावजुद योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा नियमसङ्गत सहभागिता पर्याप्त रह्यो । पालिकाका परिषद्मा समुदायको राय राख्ने स्थान नभए पनि सुन्ने कुरा सुनिश्चित गरियो । वडाबाट पेश हुने योजना छनौटमा समुदायको प्रत्यक्ष सहभागिता रहन्छ ।
>
> उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिलाई सुरुका वर्षमा अनुभवको कमी रह्यो । अन्य जिम्मेवारीका कारण पनि पर्याप्त समय अनुगमनमा दिन सकिएन । निर्माण योजनामा समुदायको योगदान नगन्य रह्यो । वि.सं. २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनबाट जनताले मलाई दोस्रो कार्यकालका लागि निर्वाचित गरेका छन् । मेरो यस दोस्रो कार्यकालमा यसलाई वृद्धि गर्ने प्रयत्न गरिने छ ।
>
> **- दुर्गाप्रसाद ओझा, अध्यक्ष, जोरायल गाउँपालिका, डोटी**

## जनताको सहभागिताको प्रश्न कति सतही, कति पिँधमा ?

लामो जनसंघर्ष, करिब १२ वर्षको सशस्त्र द्वन्द्व र १९ दिने जनआन्दोलन गणतन्त्र स्थापनाको आधार हुन् । नेपालको संविधान-वि.सं. २०७२ तयार गर्ने सिलसिलामा स्थानीय सरकारको निर्वाचन दलीय आधारमा गरिनु हुन्न भन्ने छलफल पनि चलेको थियो । स्थानीय सरकारले राजनीतिक दल चलाउने भन्दापनि स्थानीय विकासमा केन्द्रित हुने हो । दलीय भागवण्डाले विकासका लागि स्रोत विनियोजनमै दलीय रंगले विभाजन हुने र सुशासन, पारदर्शिता एवम् जनताको सहभागिताले कम महत्व पाउने चर्चा केही हदसम्म प्रभावी भएको थियो । कतिपय जनप्रतिनिधिहरू जनजीविका र सामाजिक न्यायभन्दा आफ्नै सेवा-सुविधा वृद्धि गर्ने ध्याउन्नमा पनि लागेको यथार्थ नै हो । संघीय प्रणालीले हरेक प्रकारका क्षेत्रीय असमानताहरू हटाउनुका साथै सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक विषमता न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । यसले मधेसी, दलित, मुस्लिम एवम् अल्पसंख्यक समुदायको सहभागितालाई सुनिश्चित गर्दछ । तर, सहभागिताको अवस्था हेर्दा लुम्बिनी महिला समिति सदस्य रुबिना मुस्लिम भन्नुहुन्छ - आफूहरूसँग राजनीतिक उच्च पदका मान्छे नभएकाले शासनको तल्लो तहमै सीमित भएका छौं । यसकै कारण हामीमा परिवर्तन महसुस गराउने शक्ति रहेको छैन । नेपालको संविधानले लिङ्ग, जाति, अल्पसंख्यकको राज्यका हरेक अङ्गहरूमा उनीहरूको सरोकारका विषयमा निर्णय गर्ने प्रक्रिया, कार्यान्वयन र नीति-निर्माणमा सहभागिता सुनिश्चित गरेको छ । पाँच वर्षको शासन सञ्चालन गरेका जनप्रतिनिधिहरूको अनुभवमा जनताको उच्च अपेक्षा र स्थानीय पालिकासँग भएको सीमित साधन-स्रोतका कारण जनगुनासो सुन्नु परेको बताउनु हुन्छ ।

> 'नेपालका स्थानीय तहले तत्काल गर्नुपर्ने कामलाई प्राथमिकीकरण गर्न नसकेको हो कि ? भन्ने चाहिँ देखिएकै छ ।'

यद्यपि केही न केही हदसम्म केन्द्रिकृत शक्ति स्थानीय तहमा पुगेको छ भने शासकीय व्यवस्था समावेशी र सन्तुलित बनेको छ । ३३ प्रतिशत अनिवार्य महिला सहभागिता र दलित तथा अल्पसंख्यक निर्वाचित हुनुपर्ने प्रावधानले केही हदसम्म सहभागितालाई बढाएकै छ ।

## केही टड्कारा प्रश्नहरू

नेपालको संविधान-वि.सं. २०७२ को धारा ४ ले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेको छ । स्थानीय तहको विगत पाँच वर्ष एवम् संघीय र प्रदेश सरकारको विगत साढेचार वर्षको कार्यकाल हेर्दा सबै ७६१ सरकार एक-आपसमा सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तमा रहेर काम गरेको जनताले महसुस

गर्ने ठाउँ बन्यो त ? यो पनि टड्कारो प्रश्नका रूपमा रहेको छ। यसैगरी अन्य टड्कारा प्रश्नहरू हुन् - संविधानको अनुसूचीले प्रदान गरेका एकल अधिकार र साझा अधिकार कार्यान्वयनमा यी सरकारहरू सफल भए वा चुके ?, स्थानीय सरकार आफ्नो कानुन निर्माण गरेर कार्यान्वयन गर्न अधिकार सम्पन्न छन् ?, के स्थानीय सरकारले स्थानीय आवश्यकता, समाजको वर्तमान अवस्था, उपलब्ध साधन-स्रोतको अधिकतम परिचालनलाई मध्यनजर गरी ऐन-कानुन बनाउन सफल भए ? ऐन-कानुन बनाएको अवस्थामा पनि कार्यान्वयन गर्न कत्तिको सफल भए ?

आज विगतको पाँच वर्षलाई फर्केर हेर्दा कतिपय स्थानीय तहका ऐन, कानुन संघले उपलब्ध गराएको नमुना कानुनमा केवल रिक्त स्थान पूरा गरेर राजपत्रमा प्रकाशन गरेका पनि भेटिए । यस अवस्थालाई नजिकबाट अध्ययन गर्दा एकपटक शिक्षा मन्त्रालयले विद्यालय सुधार योजना नबनाउने विद्यालयका शिक्षकहरूलाई तलब भुक्तानी नदिने भनेर विद्यालय सुधार योजना बनाउन अनिवार्य गर्दा छपाई पसलबाट विद्यालयको नाम बद्लेर योजना पेस गरेको कुरा पनि यहाँ स्मरण गर्नु सान्दर्भिक नै लाग्छ।

> 'केही टड्कारा प्रश्नहरू हुँदाहुँदै पनि स्थानीय सरकार जनतासँग नजिक हुन खोजेको छ ।'

यस्ता केही टड्कारा प्रश्नहरू हुँदाहुँदै पनि स्थानीय सरकार जनतासँग नजिक हुन खोजेको छ। मानव-स्रोत, सीप र क्षमताको अभावकै बीचबाट पनि कतिपय स्थानीय तहले उदाहरणीय कार्यहरू सम्पादन गरेका छन्।

स्थानीय सरकार सञ्चालन निर्देशिका, वि.सं. २०७४ को व्यवस्थामा विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । वडाले सहभागितामूलक विकास प्रणालीअनुसार वस्ती वा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने अधिकार छ । निर्देशिकाको नं. (२४) (५) अनुसार गाउँपालिका वा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नुपर्ने व्यवस्था छ। के सबै स्थानीय तहहरूले यसै गरेका छन् ? यो पनि अर्को टड्कारो प्रश्नको रूपमा रहेको छ।

## वि.सं. २०७९ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित पदाधिकारीले लिनुपर्ने सिकाइ

वि.सं. २०७४ मा सम्पन्न निर्वाचन नेपाल गणतन्त्रात्मक मुलुकमा रूपान्तरण भएपश्चातको पहिलो निर्वाचन थियो । त्यतिबेलाको जनमत र वि.सं. २०७९ को जनमत विश्लेषण गर्दा पक्कै पनि राजनीतिक दलहरूका लागि चुनौती भएर आएको छ । देशकै राजधानी काठमाडौँ महानगरपालिका, धरान उप-महानगरपालिका, धनगढी उप-महानगरपालिका लगायतको निर्वाचन परिणामले स्थानीय निर्वाचनमा राजनीतिक दलको निर्देशन पालनामा जनताले अवज्ञा गर्ने क्रम आगामी निर्वाचनमा बढ्दै जाने पूर्व सङ्केतको रूपमा लिन सकिन्छ । संविधानले नै अधिकार निक्षेपण गरी अधिकार सम्पन्न बनेका स्थानीय तहका कतिपय पदाधिकारीका कार्यशैली र प्रस्तुति हेर्न र सुन्न लायक बनेनन् कि ? अधिकारसम्पन्न स्थानीय तहलाई कसैले पनि नियन्त्रण गर्न सक्दैनन् भन्ने बुझाइ अधकल्चो रह्यो कि ? राज्यका हरेक अङ्गहरू एक-अर्काका परिपूरक बन्नु पर्दछ। जनता र देशप्रतिको जिम्मेवारीबाट कुनैपनि तह/निकाय टाढा रहन सक्दैनन् । जनताले पाउने सेवा सुलभ बन्छ, शासन सञ्चालनमा जनताको नजिकबाट सहभागिता भएको भान हुन्छ, सुशासन कायम हुन्छ, थोरै साधन-स्रोतको अधिकतम सदुपयोग हुन्छ र जनजीवनमा पक्कै पनि सकारात्मक बदलाव आउँछ भन्ने यस राजनीतिक प्रणालीका पूर्व अनुमानित सूचकहरू थिए । सबैलाई एकै डालोमा हालेर निफन्नु त अन्याय हुन सक्छ तर अधिकांश स्थानीय तहको कामको प्रतिफल हेर्दा विगत पाँच वर्ष सन्तोषजनक रहेन भन्न सकिन्छ । स्थानीय राजस्वको अवस्था हेर्दा खासै प्रगति हुन सकेको पाइएन। खर्चको बेरुजू रकममा ठूलै प्रश्न उठेको छ। योजना विनियोजनको रूपरेखा विश्लेषण गर्दा आवश्यकताभन्दा बढी राजनीतिक दलीय आधार र कतिपय योजना कमिसनमा मोलमोलाइपूर्ण भएका पनि सुनिन्छन् ।

संघ, प्रदेश र स्थानीय सरकारले गर्ने कार्यजिम्मेवारी प्रति ईमानदार बन्न नसक्नु प्रणालीमाथि नै प्रश्न उठाउने एक आधार बनेको छ । संघीय मन्त्रालयबाट स-साना योजना विनियोजन गराउन राजनीतिक दलीय स्वार्थमा रुमल्लिनु, प्रदेश

मन्त्रालयबाट विनियोजन हुने योजना पनि स्वार्थकेन्द्रित टुक्रे योजनामै सीमित हुनु, तीन तहका कतिपय योजना एक-अर्कासँग दोहोरिनु आदि आलोचना र असन्तुष्टिका कारण हुन सक्छन् । आफूलाई शासन गर्ने प्रतिनिधि छान्दा मतदाताले स्वविवेक प्रयोग गरेर निष्पक्ष रूपमा क्षमतावान व्यक्ति छान्न सक्नु पहिलो शर्त हो भन्ने प्रमाणित भएको छ । तर, उम्मेदवारका लागि टिकट वितरणको अभ्यास हेर्दा माथिल्लो तहका नेताहरूलाई मन परेका आफू अनुकूलका कार्यकर्ता, नाफाखोर व्यापारी, ठेकेदार, नातेदारहरूबाट टाढा जान नसक्दा राजनीतिक दलहरूले अपेक्षा गरेअनुसारको परिणाम प्राप्त नगरेका उदाहरण देखिन्छन् । नेपालका राजनीतिक दलहरूले सामाजिक, राजनीतिक र आर्थिक रूपमा देश र जनताले जतिसुकै कष्ट भोगे पनि नातागोताबाट बाहिर निस्कने साहस गरेको विरलै पाइन्छ ।

स्थानीय तहमा निर्वाचित पदाधिकारीले आफूसम्बद्ध राजनीतिक दलको घोषणा-पत्रको ख्याल गर्दै दलको राजनीतिक मूल्य-मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न बिर्सनु हुँदैन । यसैका आधारमा आफ्ना कार्यकर्ता, मतदाता र आमजनताको विश्वासपात्र बन्नु पर्दछ । पदीय दायित्वअनुसार विषयविज्ञका सुझाव, समान प्रकृतिको समुदायमा भएका विकास र भूगोलका अभ्यासबाट सिक्नुपर्दछ ।

> 'निर्वाचित पदलाई कमाउने र व्यक्तिगत धन जम्मा गर्ने रोजगारीको रूपमा बुझियो भने फेरि पनि जनता, देश र समाजको लागि अभिशाप हुन्छ ।'

निर्वाचित पदलाई कमाउने र व्यक्तिगत धन जम्मा गर्ने रोजगारीको रूपमा बुझियो भने फेरि पनि जनता, देश र समाजको लागि अभिशाप हुन्छ । राजनीतिक काम सेवा हो, पेशा होइन ।

भौतिक निर्माण मात्र होइन, सामाजिक रूपान्तरणका सवालहरूमा पनि गहिरो अध्ययन गरेर योजना बनाउनु पर्दछ । आजको २१ औं शताब्दीमा पनि नेपाली समाज जातीय, लैंगिक एवम् गरिबीका कारण विभाजित छ । सामाजिक रूपमा विभाजन ल्याउने यस्ता कुचलन र दुर्व्यवहारमा सुधार गर्नसक्ने हिम्मत गर्नु पर्दछ । के गर्दा भोट सुरक्षित होला भन्ने भन्दा पनि के गर्दा गरिब तथा अपहेलित जनताको पक्षमा न्याय होला भन्ने हेक्का राख्नुपर्दछ । आफ्नो कार्यक्षमता विकास गर्न ध्यान दिनु पर्दछ । अध्ययन, प्रविधिको उपयोग, तालिम, छलफल, समानस्तरका कामहरूको अवलोकनबाट सिक्न सकिन्छ । जनताले आफूलाई पाँच वर्षका लागि मात्र निर्वाचित गराएको बिर्सनु हुँदैन । व्यक्तिगत सुविधा प्राप्त गर्नेभन्दा आमजनतालाई दिगो सेवा दिनका लागि प्रणाली विकासमा केन्द्रित हुनु पर्दछ । संघीय र प्रदेश सरकारसँगको सम्बन्ध र समन्वय बलियो बनाउनु पर्दछ । संघ र प्रदेशबाट प्राप्त हुने योजनाको स्थानीय सरकारकाले अपनत्व लिनु पर्दछ । प्रभावकारी कार्यान्वयन गराउन स्थानीय तहका उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा रहने अनुगमन समिति बिरालोको घाँटीमा घण्टी झुण्ड्याउने खालको मात्र हुनु हुँदैन । अनुगमनका लागि क्षमता अभिवृद्धिमा जोड दिनु पर्दछ । विषयविज्ञ वा सम्बन्धित विषयका प्राविधिकलाई विश्वासमा लिएर अनुगमन गर्ने चलन बनाउनु पर्दछ ।

नेपालको संविधान र कानुनले स्थानीय तहमा सत्तापक्ष र प्रतिपक्षको परिकल्पना गरेको छैन । निर्वाचित प्रतिनिधि सबै सत्तापक्ष र सबै जनता प्रतिपक्ष हुन् । विगत पाँच वर्षमा कतिपय तहमा त लेनदेन वा मतो नमिलेर प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष बीच खुलेर बोलचाल पनि नभएको सुनियो । कतिपय तहले समयमै पालिकाका परिषद् नै नबोलाएर वा नियम विपरित ढिलो बोलाएर जबर्जस्ती खर्च गराए । कानुनको बर्खिलाप गरेर गरिएका काम जनताले रुचाउँदैनन् भन्ने कुरा वि.सं. २०७४ को निर्वाचित व्यक्तिलाई पुनःउम्मेदवार बनाउँदा अधिकांशले पराजित हुनुपरेकोबाट समेत स्पष्ट भैसकेको छ । त्यसैले, यो कार्यकालमा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूले विगतका यस्ता कुराहरूबाट सिकेर सकारात्मक ढङ्गले अघि बढ्नु जरूरी छ ।

केही कुराहरू जिल्ला समन्वय समितिहरूतर्फ पनि लक्षित छन् । जिल्ला समन्वय समितिहरूले स्थानीय पालिकाहरूका लागि समन्वयकारी भूमिका निर्वाह गरी उनीहरूमा उत्साह जगाउने र कामका लागि सहजीकरण गर्ने निकायका रूपमा प्रस्तुत हुनपर्ने हो । उनीहरू पनि जिम्मेवारी पूरा गर्नबाट चुकेका छन् । संघीय सरकार र प्रदेश सरकार पनि स्थानीय तहका कार्यक्षेत्रमा प्रभावी हुन खोज्ने व्यवहारबाट सुधिनु पर्दछ । संघ र प्रदेश सरकारले विकास र सेवामूलक कार्यका लागि स्थानीय तहलाई नै जिम्मेवार बनाउनु पर्दछ ।

## सन्दर्भ सामग्री


Kumar, R. (2022, March 19). Nepali Times. Retrieved from https://www.nepalitimes.com/: https://www.nepalitimes.com/banner/local-government-by-the-people-for-the-people-of-the-people/

Belbase, K. (n.d.). Federalism in Nepal: Issues and Challenges. *http://en.wikipedia.org/wiki/federalism*, 4.

Suhrke, A. (2014). CMI. Retrieved from https://www.cmi.no/: https://www.cmi.no/publications/5171-restructuring-the-state

International Alert. (2021, March). Retrieved from https://www.international-alert.org/: https://www.international-alert.org/stories/federalism-nepal-country-transition/

Nepal, G. o. (2074). Local Government Operation Guideline 2074.

Rawat, S. N. (2079, 1 6). 12Khari. Retrieved from https://baahrakhari.com: https://baahrakhari.com/news-details/347275

Baskota, K. (2078, 7 23). 12Khari. Retrieved from baahrakhari.com: baahrakhari.com/news-details/333240

Municipality, C. S. (2076). *Chautara Sangachokgadhi Municipality Dui Barsako Karya Tatha Upalabdhi*. Chautara Sangachokgadhi Municipality.

Municipality, M. (2079). *Mahalaxmi Municipality ko Prayas ra Upalabdhi 2074/075-078/079*. Mahalaxmi Municipality.

Municipality, C. (2078). *Capacity Development Plan. Capacity Development Plan (2078/079-080/081*.


*(लेखक लाल बहादुर वली नेपान कार्यसमितिका सदस्य हुनुहुन्छ । वहाँ विगत २५ वर्षदेखि सामाजिक रुपान्तरणको आन्दोलनमा सक्रिय हुनुहुन्छ)*


### नेपानद्वारा व्यवस्थित

# प्रसिद्ध सहभागीमूलक विकास लेखन पुरस्कार

**(रू. १०,०००/ नगद र सम्मानपत्र)**

**स्थापना : २०७४ चैत्र**

**संस्थापक : चेतनाथ कणेल परिवार**

**नेपानमा राखिएको अक्षयकोष रकम रू. १ लाख**

## हालसम्म सम्मानित हुनेहरू :

**२०७५ : गम्भीरबहादुर हाडा, सह–प्राध्यापक भक्तपुर बहुमुखी क्याम्पस (भक्तपुर)**

**२०७६ : डा. विष्णुराज उप्रेती, विकास तथा द्वन्द्वविद् (दोलखा)**

**२०७७ : डा. मानबहादुर विश्वकर्मा, वाग्मती प्रदेश सरकार, प्रमुख सचिव तथा लेखक एवम् अभियानकर्ता**

**२०७८ : प्रा.डा. नरविक्रम थापा, प्राध्यापक, लुम्बिनी इन्टरनेसनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी**